# सिटी होटल लिमिटेड
## ८ औ वार्षिक साधारण सभाको

यस सिटी होटल लिमिटेडको सञ्चालक समितिका अध्यक्ष श्री शक्ति कुमार गोल्याण ज्यू को अध्यक्षतामा देहायका स्थान मिति र समयमा कम्पनीको ८ औँ वार्षिक साधारण सभा सम्पन्न भयो । सभाले निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न बमोजिम निर्णय गरियो ।

(१) **सभाको मिति, स्थान र समय**

मिति: २०८० साल पौष २० गते (तद्नुसार ०५,जनवरी,२०२४) शुक्रबारको दिन ।

स्थान : कालिमाटि ब्याङक्येट,काठमाडौ ।

समय : विहान ११: ३०

(२) **सभाको सुचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ८ औँ वार्षिक साधारण सभाको लागि शेयर दाखिला दर्ता किताब बन्द रहेको सम्बन्धी सुचाना सहितको प्रारम्भिक संक्षिप्त सूचना कारोबार राष्ट्रिय दैनिकमा २०८० मंसिर २९ गते तद्नुसार १५ डिसेम्बर २०२३ शुक्रबारका दिन प्रकाशित गरिएको थियो ।

त्यसैगरी, कम्पनीको ८ औ वार्षिक साधारण सभा सम्बन्धी सुचना शेयरधनीहरुको जनकारीको लागि संक्षिप्त वार्षिक आर्थिक विवरण तयार पारि सञ्चालकको प्रतिवेदन सहितको कम्पनीको संक्षिप्त आर्थिक विवरण र आर्थिक वर्ष २०७९/०८० को ८ औँ वार्षिक प्रतिवेदनको ८ औँ वार्षिक साधारण सभाको सुचना दोश्रो पटक कारोबार राष्ट्रिय दैनिकमा मिति २०८० षौष ०२ गते तद्नुसार १८ डिसेम्बर २०२३ सोमबारका दिन सम्प्रेषण गरिएको थियो । साथै, कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सबै प्रकाशित सुचनाहरु र आर्थिक विवरणहरु कम्पनीको वेबसाईट www.cityhotel.com.np मा समेत शेयरधनी महानुभावहरुको जानकारीका लागि उपलब्ध गराइएको थियो ।

(३) **छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्ताव**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्नु हुने आ.व. २०७९।०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

(२) यस कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९।०८० को वार्षिक वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्यिटिमा भएको परिवर्तन सम्बन्धी विवरण लगायतको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसुचिहरु) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

(३) कम्पनी ऐनको दफा १११ बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरिक्षकको नियूक्ति र पारिश्रमिक निर्धारण गर्ने ।(वर्तमान लेखापरिक्षक पुन:नियूक्तिका लागि योग्य रहेको ।)

(४) सर्वसाधारण शेयरधनीबाट सञ्चालकको निर्वाचन गरी सञ्चालक नियुक्त गर्ने सम्बन्धमा ।

(५) कम्पनीको सञ्चालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गरि पारित गर्ने सम्बन्धमा ।

CITY HOTEL LTD. KATHMANDU

(ख) विषेश प्रस्ताव

(१) प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरु नियामक निकायहरुमा दर्ता गर्ने, उक्त निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

(२) कम्पनीको अधिकृत पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

(३) कर्जा सिमा वृद्धिको स्विकृति गर्ने सम्बन्धमा ।

(ग) विविध

(१) विविध : अध्यक्षको अनुमति अनुसार ।

## १. सञ्चालकहरुको उपस्थिति :

कम्पनीको ८ औ वार्षिक साधारण सभामा (कम्पनी ऐन, २०६३ को दफा ६८(१) र उपदफा २ बमोजिम भिडियो कन्फरेन्स )

१. श्री शक्ति कुमार गोल्याण — अध्यक्ष
२.श्री अक्षय गोल्याण — सञ्चालक
३.श्री कुमुद गोल्याण — सञ्चालक
४.श्री कमलेस कुमार अग्रवाल, — सञ्चालक
५.श्री हरिश्चन्द्र सुवेदी — सञ्चालक
६.श्री प्रदीप राज पाण्डे (भिडियो कन्फरेन्स) — स्वतन्त्र सञ्चालक

## २.शेयरधनीहरुको उपस्थिति :

| | | |
|---|---|---|
| १. | कुल शेयरधनीहरुको उपस्थिति संख्या | २४९ |

## ३.गणपूरक संख्या (कम्पनी ऐन,२०६३ को दफा ७३ बमोजिम)

| विवरण | कुल (शेयरधनी संख्या तथा शेयर कित्ता) | आफै र प्रोक्सीबाट गरी जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनीहरु | ९५१६० | २४९ | ०.३ % |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १६७४००० | १४३१७९६ | ८५.५३ |

## ४.सभाको वैधानिकता :

सभाको प्रारम्भमा कम्पनी सचिव ज्यूले उपस्थित कार्यकारी अध्यक्ष, सञ्चालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु लेखापरिक्षक,एवं उपस्थिति कम्पनीका पदाधिकारीहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ८ औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ८ औं बार्षिक साधारण सभा गर्नका लागि शेयरधनीहरुको संख्या जम्मा २४९ जना र कुल शेयर संख्याको ८५.५३ % प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावली कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

CITY HOTEL LTD. KATHMANDU

५.सभाको सभापतित्व र सभा सञ्चालन

सभाको वैधानिकता सुनिश्चित गरे पश्चात् कम्पनी सचिव ज्यूले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम ८ औ वार्षिक साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री शक्ति कुमार गौल्याण ज्युलाई गराउँदै विहान ११:३० बजे कम्पनीको ८ औं वार्षिक साधारण सभाको काम कारबाही सञ्चालन गर्न सभापति ज्यूलाई हार्दिक अनुरोध गर्नुभयो । तत्पश्चात सभाका सभापति श्री शक्ति कुमार गोल्याण ज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नुहुदै ८ औ वार्षिक साधारण सभाको कामकारबाही अगाडि बढाउनु भयो ।

६.सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुती :

क) सभाध्यक्ष ज्यूको अनुमतिले कम्पनी सचिव ज्यु ले कम्पनीका सञ्चालक ज्यूहरु लाई आशन ग्रहण गराउनु भयो । आशन ग्रहण पश्चात अध्यक्ष ज्यूले स्वागतम मन्तब्य ब्यक्त गर्नुभयो ।

ख) सभाको विषय सुचि बमोजिम अध्यक्ष ज्यूले आफ्नो मन्तब्य सहित सञ्चालक समितिको तर्फबाट आर्थिक बर्ष २०७९।०८० को वार्षिक प्रतिवेदन पेश गर्नु ।

त्यसपछि अध्यक्ष ज्यूल ले प्रस्तुत गर्नु भएको आ.व. २०७९।०८० को वार्षिक प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र अन्य वित्तीय विवरणहरु उपर छलफल गर्न आफ्नो प्रश्न, जिज्ञासा, सुझाव तथा मन्तब्यका लागि शेयरधनी महानुभावलाई अनुरोध गरियो र निम्न शेयरधनी महानुभावहरुले आफ्नो जिज्ञासा सुझाव तथा मन्तव्य राख्नु भयो :

१.माधव प्रसाद सिंखडा
२.चन्द्र नारायण श्रेष्ठ

७.छलफल क्रममा व्यक्त भएका सुझाव तथा मन्तव्यको सारांशः

- वार्षिक साधारण सभा समयमा गरेकोले कम्पनीलाई विशेष धन्यवाद ।
- बार्षिक प्रतिवेदनको किताब अगाडी नै बाढिए राम्रो हुने थियो ।
- अर्को पटकको साधारण सभा आफ्नो होटलमा गर्न प्रयास होस ।
- कर्जा वृद्धिको सट्टा राइट शेयर जारी गर्ने की भनी जिज्ञासा राख्नुभयो ।
- सञ्चालक सकितिको बैठक भत्ता पाँच देखि हजार एकै चोटी दश हजार बनाउँदा नहुने भनि जिज्ञासा राख्नुभयो ।

शेयरधनीहरुको जिज्ञासा, सुझाव तथा मन्तव्य व्यक्त भै सकेपछि सभाको अध्यक्षता गर्नु भएका सञ्चालक समितिकका अध्यक्ष श्री शक्ति कुमार गोल्याण ज्यूको अनुमतिमा सञ्चालक सदस्य श्री हरिश्चन्द्र सुवेदिज्यू ले सो जिज्ञासा र सुझावहरुको लागि शेयरधनी महानुभावलाई धन्यवाद ज्ञापन गर्दै समिष्टगत रुपमा जवाफ दिनुभयो । अध्यक्ष ज्युले सभामा उठेका प्रश्न, जिज्ञासा तथा सुझाव दिनु भए पश्चात सभाका विषयहरु निर्णयार्थ प्रस्तुत गरियो ।

८.सभाका निर्णयहरु

(क) समान्य प्रस्ताव :

निर्णय नं १: **संचालक समितिको तर्फबाट अध्यक्ष ज्युले पेश गर्नु हुने आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा**:प्रस्ताव नं १ उपर छलफल हुँदा यस सिटी होटल लिमिटेडको ८ औं

CITY HOTEL LTD. KATHMANDU

वार्षिक साधारण सभाको स्वागत मन्तव्य सहित कम्पनीको आर्थिक वर्ष २०७९।०८० मा कम्पनीले गरी आएको विवरण साथै कम्पनीका भावी कार्यक्रम समेतको वार्षिक प्रतिवेदन सञ्चालक समितिका अध्यक्ष श्री शक्ति कुमार गोल्याण ज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नुभएकोमा सभाले सर्वसम्मति बाट सञ्चालक समितिको आर्थिक वर्ष २०७९।०८० को वार्षिक प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २ **यस कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९।०८० को वार्षिक वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्यिटिमा भएको परिवर्तन सम्बन्धी विवरण लगायतको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसुचिहरु) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा:**प्रस्ताव नं २ को सम्बन्धमा छलफल हुँदा यस कम्पनीको लेखा परिक्षक श्री आइ.पी. मैनाली एण्ड एसोसिएट्सका चार्टड एकाउन्टेट श्री इन्द्र प्रसाद मैनालीले तयार गर्नु भएको आर्थिक वर्ष २०७९।०८० को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको अनुसुचिहरु पेश भएकोमा शेयरधनीहरु र प्रतिनिधि महानुभावज्यूहरुबाट सभामा विस्तृत छलफल गरी आर्थिक वर्ष २०७९।०८० को लेखापरिक्षण प्रतिवेदन पारित गर्ने निर्णय भयो ।

**निर्णय नं ३ कम्पनी ऐनको दफा १११ बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरिक्षकको नियूक्ति र पारिश्रमिक निर्धारण गर्ने ।**

प्रस्ताव नं ३ को सम्बन्धमा छलफल हुँदा यस कम्पनीको आर्थिक वर्ष २०८०।०८१ का लागि वासलात नाफा, नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको अनुसुचिहरुको लेखा परिक्षण प्रतिवेदन तयार गर्न लेखा परिक्षक आई.पी मैनाली एण्ड एसोसिएट्सलाई लेखा परिक्षक नियुक्त गर्न लेखा परिक्षणको सिफारिस भएकोमा सो बमोजिम नियुक्ति गर्ने निर्णय भयो र निजको पारिश्रमिक रु २,००,०००/-(अक्षरेपी रु दुई लाख रुपैँया मात्र) मा मल्य अभिबृद्धि कर (VAT) सहितको लेखा परिक्षण पारिश्रमिक भक्तानी पाउने गरि कम्पनीको वैधानिक लेखापरिक्षकको रूपमा ८ औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गर्न निर्णय भयो।

**निर्णय नं ४ सर्वसाधारण शेयरधनीबाट सञ्चालकको निर्वाचन गरी सञ्चालक नियुक्त गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं ४ उपर छलफल हुँदा यस कम्पनीको सञ्चालक समितिमा एक जना सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्न सञ्चालक नियुक्तको निर्वाचन गर्ने सम्बन्धमा निर्वाचन प्रक्रियाबाट सबैभन्दा बढी मत ल्याएर विजयी हुनु भएका श्री तिलक कोईराला (ना.प्र.प.नं १०७५/३३४ चितवन)ज्यू लाई आगामी ४ वर्ष सम्मका लागि सञ्चालकको पदमा नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ कम्पनीको सञ्चालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गरि पारित गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं ५ उपर छलफल हुँदा स्थापना देखि कुनै पनि सञ्चालकहरुले भत्ताको सुविधा नलिएको र मिति २०७८।०८।२३ मा भएको विशेष साधारण सभाले सञ्चालक समितिको बैठकको लागि प्रत्येक बैठक रु ५०००।- मा कर कट्टी गरी सेवा सुविधा लिई रहेकोमा सञ्चालकहरुले पाउने अन्य सेवा सुविधा यथावत रहने गरी यस ८ औं वार्षिक साधारण सभाले सञ्चालक समितिको भत्तालाई वृद्धि गरी रु १०,०००। (अक्षरेपी रु दश हजार रुपैया मात्र ) मा प्रचलित कानून बमोजिम कर कट्टी गरि आउने रकम दिने कुरा सर्वसम्मतीले पारित गरियो ।

CITY HOTEL LTD. KATHMANDU

(ख) विशेष प्रस्ताव

**निर्णय नं १ प्रबन्धपत्र तथा नियमावाली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरु नियामक निकायहरुमा दर्ता गर्ने, उक्त निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।**

निम्न विषयको सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरुमा नियामक निकायहरुबाट कुनै परिर्माजन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्नेसम्बन्धि सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित भयो :

प्रबन्धपत्रमा संसोधन: क.हाल कम्पनीको अधिकृत पुंजी रू २,००,००,००,०००/- (दुई अर्ब) भएकोमा सो वृद्धी गरी रू ५,००,००,००,०००/- (पांच अर्ब) मा वृद्धि गर्ने गरी प्रबन्धपत्रको दफा ६(क) निम्न बमोजिम संशोधन गर्ने विशेष प्रस्ताव पारित गरियो:

**दफा ६(क) कम्पनीको अधिकृत पुंजी रू ५,००,००,००,०००।- (पाँच अर्ब) हुनेछ । उक्त पूंजी रू १०० दरका ५,००,००,०००। (पांच करोड) थान शेयरमा विभाजन गरिएको छ ।**

ख. हाल कम्पनीको प्रबन्धपत्रमा अग्राधिकार शेयर सम्बन्धी व्यवस्था नभएकोले, सो को व्यवस्था गर्न नियमावलीको प्रबन्धपत्रको दफा ७(२) निम्न बमोजिम संशोधन गर्ने विशेष प्रस्ताव पारित गरियो:

**दफा ७ (२) अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छ । कम्पनीको आवश्यकता अनुसार अग्राधिकार शेयर साधारण शेयरमा परिणत गर्न योग्य अग्राधिकार शेयर जारी गर्ने सक्नेछ ।**

नियमावलीमा संशोधन

क.कम्पनीको नियमावलीको नियम ९ मा अग्राधिकार शेयर सम्बन्धी व्यवस्था नभएकोले, सो को व्यवस्था गर्न नियम ९ निम्न बमोजिम संशोधन गर्ने विशेष प्रस्ताव पारित गरियो :

नियम ९ : यसमा अग्राधिकार शेयरको व्यवस्था गरेको छ । कम्पनीको आवश्यकता अनुसार अग्राधिकार शेयर वा साधारण शेयरमा परिणत गर्ने योग्य अग्राधिकार शेयर जारी गर्ने सक्नेछ ।

ख नेपालको प्रचलित कानून बमोजिम कम्पनीका लागि पुंजी संकलन गर्ने उद्देश्यले ॅजी बजारको विभिन्न साधनहरु जारी गर्न मिल्ने गरि नियमावलीको नियम १६(२) निम्न बमोजीम संशोधन गर्ने विशेष प्रस्ताव पारित गरियो :

नियम १६ (२): कम्पनीले जारी गरेको डिवेञ्चर शेयरमा परिणत गर्दा सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ । कम्पनी लाई भविष्यमा आवश्यक परेको खण्डमा डिबेञ्चर, Bond, जस्तै विभिन्न पूँजी बजारको साधनहरु जारी गर्न सकिनेछ ।

सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम छलफल हुँदा माथि उल्लेख भए बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको संशोधित दफाको २/२ प्रति मस्यौदा तयार गरी उक्त संशोधित प्रावधान कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा अभिलेख गर्ने प्रस्ताव पारित भयो ।

CITY HOTEL LTD. KATHMANDU

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्नु पर्ने विषय निर्णय नं १ मा समेटिएकोले थप छलफल गर्ने आवश्यक नभएकोले ।

निर्णय नं ३

कर्जा सिमा वृद्धि गर्ने सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १०५(ख) बमोजिम कम्पनीको चुक्ता पुंजी तथा संचित मुनाफाको रकम भन्दा बढी हुने गरी ऋण प्राप्त गर्न विशेष प्रस्ताव पारित गरियो यस कम्पनीको विभिन्न आयोजनाको लागत वृद्धि भएकोले कर्जा सुविधा वृद्धि गरिएको छ ।

विविध :

अन्त्यमा, सभाका सभापतिको साधारण सभामा सहभागिता जनाउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु तथा साधारण सभाबाट सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्न गरी निर्वाचित हुनुभएका सञ्चलक लाई बदाई तथा शुभकामना दिनुभयो साथै यस सभालाई सम्पन्न गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्दै ८ औ वार्षिक साधारण सभा समापन भएको घोषण गर्नूभयो ।

CITY HOTEL LTD. KATHMANDU